# अमरगढी नगरपालिकाको आ.व.२०७९/८० को वजेट वक्तव्य

यस गरिमामय सभाका सभाध्यक्ष महोदय,
नगर सभा सदस्यज्यूहरु, यस सभाका सदस्य सचिब एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु रउपस्थित सम्पूर्ण महानुभावहरु

१. कोभीड १९माहामारीका कारण विश्वजगत नै सिथिल र आक्रान्त भएका बेला हाम्रो देश नेपाल पनि त्यसको सिकार भएको कुरा यहाँहरुलाइ अवगत नै छ । यो विषम परिस्थितिका बावजुद पनि हामि आगामी आर्थिक वर्ष २०७९/८० को बजेट अधिबेशनमा प्रवेश गरेका छौं। बिभिन्न समस्या र चुनौतीको हामि सबैले सामना गर्न परेको यो कठीन परिस्थितीमा पनि उपस्थित हुनुहुने तपाइ सम्पुर्ण माहानुभावहरुलाई आभार ब्यक्त गर्दछु । यस कठीन घडीमा पनि यो गरीमामय सभा समक्ष आगामी आर्थिक बर्षको बजेट प्रस्तुत गर्न पाउंदा गौरवान्वित भएको छु । देश सघिय प्रणालीमा गइसकेपछी संवैधानीक ब्यवस्था बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन पश्चात यसै गरिमामय एघारौं नगर सभाबाट छैटौं बजेट अधिवेशनमा प्रवेश गरीसकेका छौं।

२. देशमा बिभिन्न समयमा भएका परीवर्तन र लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि बिभिन्न समयमा भएको आन्दोलनमा आफनो जिवनको अहुती दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्दाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता , स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा पनि अथक योगदान दिने सम्पुर्ण आदरणिय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकैपटक मानविय र आर्थिक संकट सामना गर्नु परेको छ । स्वास्थ्य संकटबाट उत्पादन, व्यापार तथा लगानीसम्मको श्रृङ्खला प्रभावित भई बिश्व अर्थतन्त्रमा संचकुन आउने स्पष्ट संकेत देखिएको छ । विश्व अर्थतन्त्रको आवद्दताको कारण नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा समेत गम्भीर प्रभाव पर्न थालेको छ जसबाट अमरगढी नगरपालिका पनि प्रभावित भएको छ । यस माहामारीबाट बिश्वभर करोडौं र नेपालमा लाखौंको सख्यामा सक्रमित भइसकेका छन भने बिश्वभर लाखौंले ज्यान गुमाइ सकेको कुरा सर्बव्यतितै छ । त्यसैले म सम्पुर्ण संक्रमितहरुको सु स्वास्थ्यको कामना गर्दै ज्यान गुमाउने प्रति भावपुर्ण श्रदान्जली ब्यक्त गर्दछु । साथै यस रोगको लागि खोप उत्पादन भई नागरिक सम्म पुर्याउने कार्य भइरहेको र एकै चोटी सवै नागरिकलाई पुरयाउन कठिन भएकाले संपूर्ण महानुभावहरुलाइ सावधानि अपनाउनका लागी अनुरोध गर्दै उच्च मनोवलका साथ यो परिस्थितींको सामना गर्ने शक्ती मिलोस भन्ने कामना गर्दछु ।

४. आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाइ उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्दछ भन्नेमा हामि सजकछौं। यस अवस्थामा सबै नेपालीको जीवन रक्षा गर्ने ,

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी हामिले छलफल गरी सोही बमोजिम बजेट तर्जुमागर्ने प्रयास गरेको छु।

५. मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु, पन्ध्रौ योजना र दिगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकार तथा अमरगढी नगरपालिकाको नीति तथा कार्यक्रमहरुलाई आधार बनाएको छु। वजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीति, कानुन, मार्ग निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण तथा लेखा परिक्षण, विभिन्न प्रतिवेदन, गुरुयोजनामा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्ययन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु।

सभाध्यक्ष महोदय,

अव म गत आर्थिक वर्षको यथार्थ आर्थिक गतिविधिको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६. आर्थिक वर्ष ०७७/७८ मा प्रस्तावित गरिएको आय रु.६९ करोड ३३ लाख १९ हजार ६०८ मध्ये यथार्थ आम्दानी रकम रू. ६३ करोड ५६ लाख ३३ हजार ११५ प्राप्त भएको। आर्थिक वर्ष ०७७/७८ मा विनियोजित गरिएको वजेट रु.६९ करोड ३३ लाख १९ हजार ६०८ मध्ये रु.५१ करोड ५७ लाख ६३ हजार ८३४ यथार्थ खर्च भएको व्यहोरा अनुरोध गर्न चहान्छु। जसमा गत आर्थिक वर्षमा पुरा हुन नसकेका योजना कार्यक्रमलाई चालु बर्षको बजेटमा समावेश गरी निरन्तरता दिइएको छ।

सभाध्यक्ष महोदय,

अब म अमरगढी नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक गतिविधि बजेट कार्यान्वनको समिक्षा गर्ने अनुमति चाहान्छु।

७. चालु आर्थिक वर्षमा आम्दानी रु. ५९ करोड ३३ लाख १ हजार हुने अनुमान गरिएकोमा चालु आ.ब को जेष्ठ मसान्त सम्ममा रू. ५३ करोड ७६ लाख ७६ हजार ०१८ रुपैयाँ आम्दानी प्राप्त भएको छ। जस मध्ये अनुदान तर्फ आ.ब ०७८ /७९ मा रु. ५३करोड ७६ लाख ७६ हजार १८ रुपैयाँ प्राप्त भएकोमा नेपाल सरकार बाट रु. ४० करोड ४३ लाख ७१ हजार ४१६ र प्रदेश सरकारबाट रु. १ करोड १७ लाख ३० हजार ७८९ मात्र बित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, प्रदेश सरकार र संघीय सरकार संग राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ६ करोड ९० लाख ३० हजार ९०९ र आन्तरीक स्रोत र दायित्व ५ करोड २५ लाख ४२ हजार ९०३ आम्दानी प्राप्त भएको छ।

सभाध्यक्ष महोदय,

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

८. चालु आर्थिक वर्ष ०७८/७९ मा कुल खर्च रु. ५९ करोड ३३ लाख १ हजार हुने अनुमान गरिएकोमा चालु आ.ब. को जेष्ठ मसान्त सम्म यथार्थ खर्च रु. ३४ करोड ८८ लाख २३ हजार ९०४ खर्च भएको छ। यसमा चालु खर्च तर्फ रु २१ करोड ५४ लाख २६ हजार ४०२ र पुँजिगत खर्च तर्फ रु. १३ करोड ३३ लाख ९७ हजार ५०२ खर्च भएको छ।

९. अब म चालु आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनिय कार्यहरु निम्न बमोजिम भएको ब्यहोरा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु।

क) कोभिड -१९ रोकथाम तथा नियन्त्रणमा लागि नगरपालिका शुरु देखि नै क्रियाशील छ। नगरपालिकाले आन्तरिक स्रोत परिचालनका लागि छुट्टैकोषको व्यवस्था गरि सरकारी,निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने र खर्च हुने व्यवस्था मिलाइएको छ। बन्दाबन्दीको अवस्थामा नगरपालिकाको संयन्त्र मार्फत् औषधी Covid विरुद्धको खोप लगायतका अति आवश्यक उपभोग्य वस्तुको सहज आपुर्ति हुने व्यवस्था मिलाईएको छ।

ख) स्थानीय तहको गठन र स्थानिय निर्वाचन २०७४ पश्चात जन प्रतिनिधिहरुको उपस्थिति सँगै अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र ११ वटा वडा कार्यालय स्थापना भई २ वटा वडा कार्यालय आफ्नै र थप ३ वटा वडा कार्यालय निर्माणको तयारि गरि सम्बन्धित वडाबाट नै नागरिकलाई सेबा प्रवाहको ब्यबस्था गरिएको छ।

ग) सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्र्याक खोल्ने तथा सडक विस्तारगर्ने कार्य सम्पन्न भएको छ भने केहीमा निरन्तरता रहेको छ। डकले सल्लाघारी र चिम्रिकोट घटाल सडक स्तरोन्तीको क्रममा रहेका छन।

घ) पकेट कार्यक्रम मार्फत आलु र गाई भैंसीमा नागरिकहरुको साझेदारीमा कार्यक्रम संचालिन गरिएको छ।

ङ) पशु स्वास्थ्यको लागी नि शुल्क औषधी वितरण सम्बन्धीत पशु सेबा केन्द्रहरुबाट नि: शुल्क वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमहरु सम्पन्न गरिएको छ।

च) स्वास्थ्य सेवामा पहुच नभएका समुदायका लागी थप सामुदायिक स्वास्थ्य संस्था स्थापना गरि कार्यक्रम सञ्चालन गरिएको छ। स्वास्थ्य संस्थाहरुको स्तरोन्नति एवं भौतिक सुबिधा सम्पन्न बनाई स्वास्थ्य सेबालाई प्रभावकारी बनाईएको छ। नगरपालिका भित्रका स्वास्थ्य केन्द्रका गुणस्तर सुधार एवम् स्तरोन्नतिको कार्य सम्पन्न गरिएको छ। मातृ, शिशु र बाल स्वास्थ्मा उल्लेखनीय सुधार भएको छ। वडा स्तरमा नै स्वास्थ्य सेवा प्रदान गर्न आधारभूत स्वास्थ्य केन्द्र स्थापना भएका छन।

छ) स्थानिय गैर सरकारी संस्थाको सहकार्यमा नगरपालिका स्तरीय बिभिन्न कार्यक्रम् तथा महोत्सबहरुको आयोजना गरिएको छ, जसले संस्कृति प्रर्बर्धन र सामाजिक बिकासमा सकरात्मक प्रभाव दिन सफल भएको छ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

ज) अमरगढी नगरपालिका क्षेत्र भित्र प्रस्तावित औधोगिक ग्रामको निर्माण कार्य अगाडी बढाईएको छ । र उधम विकासका लागि उधोग स्थापना कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

झ) सामाजिक तथा आर्थिक क्षेत्रको प्रगति सन्तोसजनक छ । बिद्यालय जाने उमेरका बालबालिकाको भर्ना र बिद्यालय शिक्षा पुरा गर्ने दर बढेको छ । आधारभूत तथा माध्यमिक शिक्षा सहित सबै तहको शिक्षामा लैङ्गिक समानता हासिल भएको छ । प्राथमिक तहको स्थानीय पाठ्यक्रम निर्माण भई लागु गरिएको र थप स्रोत सामग्री निर्माण कार्य जारि रहेको छ ।

ञ) आधारभूत खानेपानी सुबिधाको पँहुच अधिकांस जनसंख्यामा पुगाउनका लागी बिभिन्न प्रयासहरु भएका छन

ट) सूचना प्रबिधि तथा आम सञ्चारका माध्यमको संख्यात्मक तथा गुणात्मक बिकास भएको छ ।

ठ) वित्तिय सेबाको पँहुच उल्लेखिय बढेको छ । बित्तिय कारोबारमा सुचना प्रबिधिको प्रयोगमा व्यापकता आएको छ ।

१०. उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि अमरगढी नगरपालिकाको बिकासका लागी बिभिन्न समस्या चुनौतिहरु विधमान छन । समष्टिगत आर्थिक स्थायित्वका अधिकासं परिसुचकहरु सकारात्मक नै रहेता पनि कोरोना महामारीबाट उत्पन्न परिस्थितिका कारण यी परिसुचकहरु दबावमा परेका छन । भौगोलिक, हावापानी, साँस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधता युक्त यो नगरपालिमा विकासका दृष्टिले सबै बस्ति र समाज समान रुपमा उन्नत छैन्न् । कठिन भुगोल र तुलनात्मक रुपमा जोखिम युक्त क्षेत्रमा आवागमनमा असहजता, निर्माणको दृष्टिले बढी खर्चिलो र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ । अमरगढी नगरपालिकाको समग्र विकासको सन्दर्भमा देखिएका समस्या तथा चुनौतिहरुलाई निम्नानुसार उल्लेख गर्न चाहन्छु ।

क. बिगत केही बर्ष देखी निरन्तररुपमा हासिल हुँदै आएको आर्थिक बृद्दिदर कोरोना रोगको संक्रमण जोखिम न्युनिकरण गर्न अबलम्बन गरिएका कदमबाट प्रभावित हुने प्रारम्भिक अनुमान छ । पर्यटन, यातायात, उत्पादन मूलक उद्योग र निर्माण तर्फको उत्पादन संकुचित हुने अनुमान छ ।

ख. स्थानिय स्रोतबाट आम्दानि प्रयाप्त नभएको र विकास योजना तर्जुमा गर्दा प्रचलित कानून र वजेट तर्जुमा दिग्दर्शन लगायतका आधारहरु र चरणवद्ध अवलम्वन हुन नसकेका कारण स साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाइ छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभव योग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ । स्रोतलाइ एकीकृत गरी ठुला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पुर्याउनु चुनौतिपुर्ण देखिन्छ ।

ग. सडक पुल जस्ता भौतिक निर्माणमा नागरिकमा जग्गाको विषयमा विवाद हुने, लाभग्राहिबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुगि रहेको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुदा निर्माण व्यवसायि

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

वा सव कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिस्प्रर्धा सृजना हुने र सुशासन कायम गर्न चुनौति थपेको छ ।

घ. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आर्थिक वर्षको अन्त्य सम्म आयोजना सञ्चालन गरी आषाढ मसान्तमा भुक्तानि लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौ देखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेकोछ । उपभोक्ता समितिको क्षमता विकास सार्वजनिक परिक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ ।

सभाध्यक्ष महोदय,

११.अब म आगामी आर्थिक वर्ष २०७९।८० को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

क) कोरोना माहामारी लगायत सबै प्रकारका रोग र बिपद्बाट नागरिकको जीबन रक्षा गर्दै जनजिबनलाई सहज र सुरक्षित बनाउने ।

ख) उपलब्ध साधन स्रोत अबसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

ग) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आबश्यकता परिपुर्ति मार्फत नगरको लोककल्याणकारी भूमिका बढाउने ।

घ) सामाजिक, आर्थिक र भौतिक पुर्वाधार बिकास मार्फत समृद्द नगर निर्माण गर्दै जाने ।

१२. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क) कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुस्तरिय स्वास्थ्य सेबा सर्वसुलभ बनाउन स्वास्थ्य सेबाको दायरा बिस्तार, सेवाको दायरा बृद्धि र स्वास्थ्य जनशक्ति विकास । नगरका सवै नागरिकलाई कोरोना भ्याक्सिन लगाउने कार्य निरन्तर रहेको ।

ख) कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदम हरुबाट टुटेको उत्पादन र आपूर्ति शृंखलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायतका प्रभावित ब्यबसायको पुनरुत्थान तथा रोजगारी सिर्जना गर्न लघु, घरेलु तथा साना उद्योग स्थापनामा विशेष जोड ।

ग) नागरिकका लागि काम र रोजगारीका अवसर, खाध्य सुरक्षा, सुरक्षित आवास, सर्वकालीन सामाजिक सुरक्षा र संरक्षण ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

घ) बिकासको शिघ्र प्रतिफल प्राप्त हुने आगामी बर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यन्वयन।

ङ) गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास निर्माण।

च) गुणस्तरीय तथा पहुंचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी शासन व्यबस्थाको सुद्रिढीकरण।

आगामी बर्षको क्षेत्रगत बजेट बिनियोजन गर्दा आर्थिक पुर्नउत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिस्चित गर्ने र सेवा प्रवाहलाई प्रभाबकारी बनाउन संघ र प्रदेश सरकारसंग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजि, सहकारी र सामुदायिक क्षेत्रसंगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिइएको छ।

सभाध्यक्ष महोदय,

अब म यिनै उद्देश्य चुनौति र प्राथमिकताका आधारमा अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०७९।८० लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य केही कार्यक्रमहरुलाई उल्लेख गर्न चाहन्छु।

१३.विपन्न नागरिकहरुलाई रोजगारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गरि कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

१४.खाध्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वालिको पकेट विकास कार्यक्रम संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनासंग साझेदारी गरि कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

१५.गाईको साना व्यवसाय प्रवर्धन तथा कृषि उत्पादन वृद्धि गरि पकेट विकास कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।

१६.व्यत्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाई वडा कार्यालयहरुबाट Online सेवा प्रवाह गर्ने कार्यक्रम अगाडि बढाईने छ। साथै सामाजिक सुरक्षा संरक्षण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता वैंकिङ् प्रणालि मार्फत वितरण गरिने कार्यलाई निरन्तरता। वडाबाटै राजस्व संकलन गर्ने कार्य अगाडी वढाइएको छ।

१७.लैंगिक हिंसा निवारण कोष स्थापना, महिला, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन र अध्यावधिक गर्ने कार्यकोलागि आवस्यक वजेटको व्यवस्था गरिएको छ।

१८.सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर सुधार गरि पठन पाठनलाई थप गुणस्तरिय वनाउन विधालयहरुमा भौतिक पूर्वाधार निर्माण सुधार को व्यवस्था गर्न आवस्यक वजेट विनियोजन गरिएको छ।

१९.चालु आर्थिक वर्षमा संचालित विधार्थीको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

२०.बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाउन विगतको वहु क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ। ।

२१.आधारभूत स्वास्थ्य संस्थाहरुको संचालनका लागि वजेटको व्यवस्था गरिएको छ।

२२.लघु उद्य विकास मोडेलमा नयां लघु उद्यी सिर्जना गर्न, उद्यीको स्तरोन्नति, साझा सुविधा केन्द्र स्थापना, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरु साझेदारीमा संचालन र महिला उधमी केन्द्र स्थापना गर्न वजेट विनियोजन गरिएको छ ।

२३.चालु आर्थिक वर्षबाट साझेदारीमा संचालनमा रहेको अमरगढी पर्यटन पुर्वाधार आयोजनालाई निरन्तरता दिन आवस्यक वजेट व्यवस्था गरिएको छ।

२४.यस जिल्लाको प्राकृतिक सम्पतिको मुख्य श्रोतको रुपमा रहेको महाभारत क्षेत्रको संरक्षण र सम्बद्धनका लागि आरक्षण क्षेत्र घोषणाका लागि पहल गर्न आवस्यक वजेटको व्यवस्था गरिएको छ।

२५।लागु औषध दुरुपयोग तथा ओसार पसार कार्यलाई न्यूनिकरणका लागि वजेट विनियोजन गरिएको छ।

२६।उपप्रमुख प्रसुती विशेष कार्यक्रमको लागि वजेट विनियोजन गरिएको छ।

२७।मेयर सपोर्ट अन द स्पट कार्यक्रमको लागि केही रकम विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

२८.अव म आगामि आर्थिक वर्ष २०७९/८० मा अमरगढी नगरपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु।

२९.चालु आर्थिक वर्षमा आन्तरिक राजश्व **रु.१ करोड ८० लाख ६३ हजार** हुने संसोधित अनुमान रहेकोमा यस बजेटद्वारा प्रस्ताव गरिएको कर तथा राजश्व सम्बन्धी नीतिका कार्यान्वयनबाट आगामि आर्थिक वर्षको आषाढ मसान्त सम्ममा आन्तरिक राजश्व वृद्धिभई रु. **३ करोड ४८ लाख ५५ हजार** संकलन हुने, नेपाल सरकारबाट रु **१२करोड ३० लाख** र प्रदेश सरकारबाट रु **९८ लाख ६८ हजार** वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, संघीय सरकारबाट **रु. ८ करोड ७० लाख ९८ हजार** र प्रदेस सरकारबाट **रु. २९ लाख ७५ हजार** राजश्व बाँडफाँड मार्फत प्राप्त हुने, नेपाल सरकारबाट शसर्त अनुदान स्वरुप प्राप्त हुने अनुदान रकम रु.३८ करोड १४ लाख समेत गरी **कुल रु.६३ करोड ९१ लाख ९६ हजार** मात्र आय अनुमान गरिएको छ। आन्तिरक आय श्रोत तर्फका कर दरहरु छुट्टै अनुसूचिमा प्रस्तुत गरेको छु।

३०.आगामि आर्थिक वर्षमा शसर्त अनुदान वाहेकको वजेटबाट उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरु लगायतका खर्च व्यवस्थापनको लागि कुल **रु. १३ करोड १ लाख ५० हजार चालु तर्फ**, पुंजी बृद्धी तथा विभिन्न विकास निर्माणका लागि कुल **रु. १२ करोड ७६ लाख ४६ हजार** पुँजिगत तर्फ विनियोजन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

३१.कुल वजेट रु.६३ करोड ९१ लाख ९६ हजार मध्ये सामाजिक विकासमा रु.२१ करोड ५० लाख ९६ हजार,आर्थिक विकासमा रु.२ करोड ६० लाख,पुर्वाधार विकासमा रु.२३ करोड १० लाख,वन वातावरण क्षेत्रमा रु.१ करोड २५ लाख र संस्थागत सुशासन विकास र प्रशासनिक खर्चमा रु.१५ करोड ४६ लाख विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

३२.अन्त्यमा, बजेट तर्जुमा गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु । साथै सबै नगरबासी दिदिबहिनी तथा दाजुभाईलाई हार्दिक धन्यवाद दिंदै सबल, समृद्ध र न्यायपुर्ण नगर निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

पार्वती देबि भुकाल
उप-प्रमुख
अमरगढी नगरपालिका
२०७९/०३/१५

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner